नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
जनशक्ति व्यवस्थापन विभाग

अनलाईन (Online) दरखास्त फाराम भर्नेसम्बन्धी सूचना

यस बैंकमा रिक्त रहेका निम्न पदहरु खुला प्रतियोगिताद्वारा पूर्ति गर्नुपर्ने भएकाले योग्य नेपाली नागरिकहरुबाट **मिति २०७९/०५/१७** देखि अनलाईन (Online) दरखास्त फाराम भर्न आह्वान गरिएको छ। बैंकले तोकेको अनलाईन (Online) फाराममा भर्नुपर्ने सम्पूर्ण विवरण भरी सोको साथ नागरिकता र दरखास्त दिने पदको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यताको ट्रान्सक्रिप्ट, चारित्रिक प्रमाणपत्र तथा नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सोको माथमा सम्बन्धित निकाय/संस्थाबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र र पासपोर्ट साइजको फोटो Scan/Attach गरी तोकिएको दस्तुर तिरी **मिति २०७९/०६/०६ सम्म** र ढीलाभर दस्तुर तिरी **मिति २०७९/०६/१३** सम्म अनलाईन (Online) दरखास्त पेश गर्नु पर्नेछ। (मिति २०७९/०६/०६ भन्दा अगाडि जारी भएका शैक्षिक योग्यताको प्रमाणपत्र (समकक्षता आवश्यक पर्नेमा सो समेत) मात्र मान्य हुनेछ)। म्यादभित्र दाखिला नभएको र रीत नपुगी आएको दरखास्त उपर कुनै किसिमको कारवाही हुने छैन। थप विवरण उल्लेख गरी अनलाईन (Online) दरखास्त फाराम भरेमा सोको जवाफदेही उम्मेदवार स्वयं हुनु पर्नेछ।

विज्ञापन नं.	पद/श्रेणी	सेवा	पद संख्या	समूह/पद संख्या						
				खुला	महिला	आ.ज.	मधेशी	दलित	अपाङ्ग	पि.क्षे.
१०/२०७९	सहायक निर्देशक (अधिकृत तृतीय)	प्रशासन	१८	९	३	३	२	१	-	-
११/२०७९	सहायक निर्देशक (अधिकृत तृतीय) IT/cyber security	प्राविधिक (सु.प्र.)	१	१	-	-	-	-	-	-
१२/२०७९	सहायक (सहायक द्वितीय)	प्रशासन	२४	१३	३	३	२	१	१	१

१. **आवश्यक न्यूनतम शैक्षिक योग्यता :**

(क) **सहायक निर्देशक विज्ञापन नं. १०/२०७९ पदको लागि :** मान्यता प्राप्त विश्वविद्यालयबाट अर्थशास्त्र वा व्यवस्थापन वा जनप्रशासन विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेको हुनुपर्नेछ।

(ख) **सहायक निर्देशक (IT/cyber security) विज्ञापन नं. ११/२०७९ पदको लागि :** मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर, सूचना प्रविधि वा इलेक्ट्रोनिक्स एण्ड कम्युनिकेशन विषयमा स्नातक तह वा सोसरह उत्तीर्ण गरेको हुनुपर्नेछ।

(ग) **सहायक (सहायक द्वितीय) विज्ञापन नं. १२/२०७९ पदको लागि :** मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाणपत्र तह वा १० जोड २ वा सो सरहको परीक्षा उत्तीर्ण गरेको हुनुपर्नेछ।